## दर्शकहरु द्वारा बिद्यालय सुधार समिती (SRC) लाई सोधिएका प्रश्नहरु

**१. बिद्यालयको प्रहरी द्वार विद्यार्थीहरु सुरक्षित छन् भनी सुनिश्चित गर्न र विद्यार्थीहरुलाई बिद्यालयमै नर्सको सेवा प्राप्त गर्न के भइ रहेको छ?**

**बिद्यालयको प्रहरी:**

- बिद्यालयको प्रहरी, प्रधानाध्यापक र फिलाडेल्फिया प्रहरी सँग काम गरी बिद्यालयको सुरक्षा समन्वित गर्दछ
- प्रधानाध्यापक र बिद्यालय प्रहरीहरुलाई विद्यार्थी नियमावलीमा (Code of Student Conduct: http://philasd.org/offices/administration/policies/118.html) दिइएको प्रक्रिया र नितीहरुमा अनुशिक्षित गरिएको हुन्छ।

  विद्यार्थी नियमावलीको अनुवाद यहाँ प्राप्त गर्न सक्नु हुन्छ: https://webapps.philasd.org/tdm/search/Nepali/yxzwCode#results
- उत्पिडनको बारे तत्काल चिन्ता भएको खण्डमा तपाईंले २१५-४००-७२३३ मा उत्पिडन र सुरक्षा हटलाइन (Bullying and Safety Hotline) मा संपर्क गर्नु होला। तपाईंले अन्लाईन फारम पनि भर्न सक्नु हुन्छ: www.philasd.org/language/nepali/-allegation-of-bullying

* विद्यार्थीहरुलाई केही समस्या भए तुरुन्तै प्रतीवेदन दिन महत्वपूर्ण छ। आफ्नो चिन्ताहरु भन्नमा सहयोग चाहिएको खण्डमा विद्यार्थीहरुले इसोल शिक्षक, बहुभाषी सल्लहकार वा बिद्यालय सल्लहकारहरुको मा जान सक्ने छन्

**बिद्यालयको नर्सहरु:**

- हरेक विद्यार्थीहरुलाई बिद्यालयको नर्सको सुबिधा हुन्छ, तर दैनिक रुपमा नहुन सक्छ। फिलाडेलफीया बिद्यालय जिल्लाले पेन्सलभेनीया शिक्षा बिभागको निर्देशनको पालना गरी हरेक १५०० विद्यार्थीहरुको लागि १ नर्स प्रदान गर्छ।

- बिद्यालयहरुलाई प्राथमिक उपचार जानकारी पत्र दिइन्छ र सम्पूर्ण स्टाफ सदस्यहरु जानकारी पत्रको निर्देशनको पालना गर्न आपेक्षित हुन्छ।

- बिशेष स्वास्थ्य आवश्यकता भएका विद्यार्थीहरुको लागि बिद्यालयको नर्सले सम्पूर्ण बिद्यालयको समुह सँग मिली हेरबिचार योजना बनाउनु हुने छ। बिशेष आवश्यकता भएका विद्यार्थीहरु चिन्न आमा बुवाहरुले विद्यार्थी आपत्कालिन फारम भर्नु पर्ने हुन्छ र बिद्यालयको प्रधानाध्यापकलाई प्रदान गर्नु पर्ने हुन्छ। यो फारम नेपाली भाषामा यहाँ प्राप्त गर्न सक्नु हुने छ: https://webapps.philasd.org/tdm/search/Nepali/wyzxEmerg#results

## २. फिलाडेल्फिया बिद्यालय जिल्लाका बिद्यालयहरु र बहुसान्स्कृतिक र बहुभाषी समुदाय संगठनहरु सँगको साझेदारी औपचारिक रुपमा बिस्तार गर्न कुन कदमहरु लिन सकिन्छ?

- बहुभाषी परिवार सहयोग कार्यालय र परिवार र समुदाय संलग्न कार्यालयले आप्रवासी र शरणार्थी जनसंख्याहरु सँग नजिकको सम्बन्ध बिकास र कायम गरेको छ; व्यक्तिगत (समुदायक र धर्ममा आधरित नेताहरु) र सामुहिक सम्मेलनहरुमा भाग लिन्छ; र आप्रवासी र शरणार्थीको संगठनहरु र समुदायिक हितधारकहरु सँग जिल्लाका साथ साथै शहर, राज्य र राष्ट्रको सुचना, सहयोग सामाग्री र मौकाहरुको बारे जानकारी प्रादन गर्न संपर्क राख्दछ। “स्वागत गाडी” (Welcome Wagon) कृयाकलाप कार्यक्रम द्वारा बहुभाषी परिवार सहयोग कार्यालयले र समुदाय र धर्म सँग आधारित संगठन सँग मिली आमा बुवा, हितधारक र समुदायिक साझेदारहरुलाई अनुशिक्षण प्रदान गर्छ। अंग्रेजी भाषामा प्रविणता कम भएका आमा बुवा समुदाय र उनिहरुको सेवा प्रदान कर्ता र अधिवक्ताहरु सँग संपर्क गर्ने यो कार्यालयको लक्ष्य हो र समुदायिक संलग्न कार्यालयले आफ्नो सेवाहरु बढाउन जारी गरेको छ जस्मा अनुवाद गरिएको दस्तावेजहरुको सङग्रह, बिद्यालयमा प्रयोग गर्ने ९ वटा भाषाहरुमा जानकारी प्रदान गर्ने वेबसाईट सम्मिलित छ: www.philasd.org/language/nepali

- बहुभाषी पाठ्यक्रम र कार्यक्रम कार्यालयले अंग्रेजी भाषा शिक्षार्थीहरुलाई बिभिन्न संगठनहरु सँग मिली बिद्यालय पछी र गर्मी महिनामा कार्यक्रमहरु प्रदान गर्दछ। यि कार्यक्रमहरुको बारे थप जानकारी प्राप्त गर्न वा यो कार्यालय सँग साझेदार हुन डायान किम (Diane Kim) सँग संपर्क गर्नु होला: dkim@philasd.org।

- समुदायमा आधारित संगठनहरु यो कार्यालय सँग संपर्क गरी कार्यालयको प्रतिनिधि सँग संपर्क गर्न सक्नु हुन्छ। यो कार्यलयले शहरको बिभिन्न भागहरुमा समुदायिक सम्मेलन व्यवस्थित गर्ने छ।

३. **सम्पूर्ण बिद्यालयहरुमा बहुभाषी सल्लहकार सहायकहरु (**बि सि ए (BCAs - Bilingual Counselor Assistants)) **कहिले बिस्तार गरिन्छ?**
बहुभाषी सल्लाहकार सहायकहरुलाई रोजगारी दिने टाइटल ३ बाट प्राप्त गर्ने संघिय पैसा र परिचालन बजेट सँग सम्बन्धित छ। २०११ सालको जिल्लाको बजेटमा ठुलो कटौती भए देखी पहिला जतीको बि सि ए को शंख्या (१०३ जना) सम्म पुगेको छैन। हाल ५७ जना बि सि ए हरु छन्।

४. **के बिद्यालय सुधार समितीले अझै बहुभाषी सल्लाहकार सहायकहरुलाई (कती वटा बिद्यालयहरुमा हप्ताको एक दिन मात्र हुन्छ) वा इसोल परीशिक्षकहरुलाई रोजगारी दिने प्राथमिकता राखेको छ?**
बहुभाषी सल्लाहकार सहायकहरुको नियुक्ती मातृभाषाको बारे जिल्लाको जानकारी, शहरमा शरणार्थी आएकोले संकेत गरिएको जनसंख्याको परिवर्तनले निर्धारित गर्छ। तर बहुभाषी परिवारहरुले भोगेका महत्वपूर्ण समस्याहरुको समाधान गर्न समर्थन बहुभाषी सल्लाहकार सहायकहरुमा मात्र नभएर त्यो भन्दा बिस्तार गर्नु पर्ने हुन्छ। बहुभाषी विद्यार्थीहरुको र परिवारहरुको समर्थन गर्ने र शिक्षा दिने जिम्मेवारी बिद्यालय जिल्लाको सम्पूर्ण शिक्षकहरुलाई हुन्छ।

५. **बहुभाषी शिक्षाको बारे तपाईंको के बिचार छ? धैरै अनुसन्धानहरुको अनुसार बहुभाषी विद्यार्थीहरुले कुशल्तापूर्ण र चाँडो प्रगती गर्छन्। बिद्यालयहरुले र विद्यार्थीहरुले मातृभाषाको प्रयोग गर्ने भएको खण्डमा के साझेदारी बलियो बनाउँदैन?**

बहुभाषी पाठ्यक्रम र कार्यक्रम कार्यालयले फिलाडेल्फिया बिद्यालय जिल्लाको बहुभाषी शिक्षा कार्यक्रमहरुको सुधार गर्न र बिस्तार गर्न काम गर्दछ। अहिले यहाँ ५ वटा बहुभाषी कार्यक्रमहरु छन् - तिनिहरु मध्ये चार वटा संक्रमण बहुभाषी शिक्षा कार्यक्रम र एउटा दुई भाषा कार्यक्रम सम्मिलित हुन्छ। यो बर्ष बहुभाषी पाठ्यक्रम र कार्यक्रम कार्यालयले पेन्सल्भेनीया विश्व बिद्यालयको डा. नेल्सन फ्लोरेस (Dr. Nelson Flores) सँग साझेदारी गरी सम्पूर्ण बहुभाषी शिक्षकहरुलाई व्यवसायिक बिकास प्रदान गर्छ। व्यवसायिक बिकासमा शनिबार गोष्टी सम्मिलित हुन्छ जहाँ शिक्षकहरुलाई बहुभाषी शिक्षामा भएका हालका नयाँ परिवर्तनहरुको बारे परिचय दिइन्छ र शिक्षकहरुलाई गोष्टी सँग सम्बन्धित आँफैलाई लागु गरिएको लक्ष्यहरुको लागि त्यहीनै समर्थन प्रदान गरिन्छ।

हाम्रो दुई भाषा र संक्रमण बहुभाषी कार्यक्रम अंग्रेजी र स्पेनिशमा हुन्छ।

यि बिद्यालयहरुले संक्रमण बहुभाषी शिक्षा प्रदान गर्दछ:

Alexander McClure School
600 W. Hunting Park Avenue
Philadelphia, PA 19140
Phone: 215-456-3001

Cayuga School
4344-4358 N. 5th Street
Philadelphia, PA 19140
Phone: 215-456-3167

Lewis Elkin School
3199 D Street
Philadelphia, PA 19134
Phone: 215 291-4701

Bayard Taylor School
3698 N. Randolph Street
Philadelphia, PA 19140
Phone: 215-227-4435

यि बिद्यालयहरुमा दुई भाषा शिक्षा कार्यक्रम छ:

Hon. Luis Muñoz-Marin School
3300 North 3rd Street
Philadelphia PA, 19140

**६. बिद्यालय जिल्लाको बिचारमा समुदाय के हो? बिद्यलाय जिल्लाले “आमा बुवा सँग संलग्न गर्छौं” भन्दछ तर यो कुरा धैरै देखिँदैन, धैरै जसो आमा बुवाहरुले बिद्यालयलाई संलग्न गर्नु हुन्छ।**

बहुभाषी पाठ्यक्रम र कार्यक्रम कार्यालयले सम्पूर्ण हितधारकहरु सँग नियमित रुपमा सम्मेलनको सभा गर्ने छ। पहिलो हितधारक सम्मेलनको बारे जानकारी यहाँ छ (link to PDF of flyer)। यो सम्मेलनको बेलामा बिद्यालय जिल्लाले आमा बुवा र समुदायका सदस्यहरु सँग संलग्न गर्न नयाँ कार्यको बिकास गर्ने छ।

**७. के इसोल शिक्षकहरुको बोझ हल्का गर्ने बिद्यालय सुधार समितीको प्राथमिकता छ? कोही इसोल शिक्षकहरुको ५० जना भन्दा धेरै विद्यार्थीहरु हुन्छ।**

बहुभाषी पाठ्यक्रम र कार्यक्रम कार्यालयले बिद्यालयको अंग्रेजी भाषा शिक्षार्थीको संख्या र बिद्यालयको अंग्रेजी भाषा शिक्षार्थीको भाषा प्रविणताको तह अनुसार इसोल शिक्षक नियुक्ती गर्छ। अंग्रेजी भाषा शिक्षार्थीहरुको शिक्षाको समर्थन गर्न इसोल शिक्षकहरु कक्षा कोठाका शिक्षकहरु मिली काम गर्ने छ - यो बाँडिएको जिम्मेवारि हो। इसोल शिक्षकहरुको भूमिका र जिम्मेवारि अंग्रेजी भाषा शिक्षार्थीको शैक्षिक कार्यक्रम पुस्तिकामा उपलब्ध छ जुन यहाँ प्राप्त गर्न सकिन्छ: http://webgui.phila.k12.pa.us/offices/m/multilingual-education/policies--procedures।

**८. कृपया एक्सेस (ACCESS) परिक्षा जानकारीमा भएको लेखा चित्र बुझाउनु होस्। बिद्यालय जिल्लाको अंग्रेजी भाषा शिक्षार्थीहरुले अंग्रेजीमा प्रविणता र बिकास प्राप्त गर्ने विद्यार्थीहरुको प्रतिशत किन घटीरहेको छ?**

पेन्सल्भेनीया शिक्षा बिभागले राखेको लक्ष्यहरु हामीले पुरा गरेक छौँ तर बिगतको तीन बर्षमा हाम्रो बिद्यालय व्यापी एक्सेस जानकारीको अनुसार अंग्रेजी भाषामा प्रविणता प्राप्त गर्ने र अंग्रेजी भाषा शिक्षा प्राप्त गर्न प्रगती गरेका विद्यार्थीहरुको संख्या अलिकती घटेको छ। संख्या घटेको कारण बहुभाषी पाठ्यक्रम र कार्यक्रम कार्यालयले प्रधानाध्यापक र शिक्षकहरु सँग एकसेसको जानकारीको बिश्लेशन गरी बिद्यालयमा कार्यक्रमको बारे निर्णय गर्न सुचित गर्छ। शिक्षकहरुको लागि व्यवसायिक बिकास र जिल्ला व्यापी शिक्षा नितीहरु बनाउन एक्सेस जानकारी प्रयोग गरिन्छ।

**९. अंग्रेजी भाषा शिक्षार्थीहरु र उपयुक्त मुल्याङ्कनको बारे हामीले कहिले कुराकानी गर्ने छौँ?**

बहुभाषी पाठ्यक्रम र कार्यक्रम कार्यालयले नियमित रुपमा सम्पूर्ण हितधारकहरु सम्मिलित गर्ने सम्मेलनको व्यवस्था गर्छ। यो सम्मेलनको बारे जानकारी यहाँ प्रदान गरिएको छ (link to PDF of flyer)। यो सम्मेलनमा एस् पि पि सम्मेलनमा उठाएका सम्पूर्ण बिषयहरुको समिक्षा गर्ने छौँ। हितधारकहरु सँग नियमित रुपमा सम्मेलनको साथ हामी यो छलफल जारी राख्ने छौँ र बहुभाषी पाठ्यक्रम र कार्यक्रम कार्यालयले यि सम्म्लनमा आफ्नो निर्णयहरुको बारे जानकारी प्रदान गर्ने छौँ।

**१०. फिलाडेल्फिया बिद्यालय जिल्लाले सम्पूर्ण अंग्रेजी भाषा शिक्षार्थीहरु र बहुभाषी विद्यार्थीहरुलाई हाम्रो बिद्यालय जिल्लाको र समुदायको बोझ नभएर सम्म्पत्तीको दृष्टिकोण हेर्न कस्ता कदमहरुको पालना गरिरहेको छ?**

बहुभाषी विद्यार्थीहरुले हाम्रा बिद्यालय र समुदायहरुमा लिएर आउने संस्कृति र भाषा बिद्यालय व्यापी बिभिन्न शिक्षकहरुले स्विकार गर्छन् र महत्वपूर्ण मान्छन्। तर धेरै कुराको कारण बिभिन्न शिक्षकहरु अंग्रेजी भाषा शिक्षार्थीहरुको आवश्यकताहरु पुरा गर्न चुनौतीहरुले गर्दा अभिभुत हुन्छन्। यो चिन्ताको समाधान गर्न बहुभाषी पाठ्यक्रम र कार्यक्रम कार्यालय र बहुभाषी परिवार समर्थन कार्यालयले शिक्षकहरुलाई व्यवसायिक बिकास कार्यक्रमहरु प्रदान गर्दछ। यि सम्मेलनहरुले शिक्षकहरुलाई बहुभाषा, सांस्कृतिक बिबिध्ता, र अंग्रेजी भाषा शिक्षार्थी र बहुभाषी विद्यार्थीहरुलाई सहयोग सामाग्री सँग आधारित सेवा गर्ने तरिकाहरुको बारे शिक्षा प्रदान गर्छ। यो चिन्ताको समाधान गर्न बिद्यालय जिल्लाले आफ्नो सांस्कृतिक र भाषाको बारे बिशेषज्ञता भएको समुदायिक संगठनहरु सँग साझेदारी पनि गर्न सक्छ। आउँदो हितधारकहरुको सम्मेलन बाट यो साझेदारी बनाउन सकिन्छ भन्ने आशा राख्दछौँ।

**११. बिद्यालयको दिउँसोको खाना सुधार गर्न के गरिँदैछ?**

खानेकुरा सेवा कार्यालय सँग बिद्यालयको दिउँसोको खानेकुरा बारे विस्तृत जानकारी छ। दिउँसोको खाना सुधार गर्न इच्छा भएका आमा बुवा र विद्यार्थीहरुलाई यो कार्यालयले

सल्लाह प्रदान गर्छ। थप जानकारीको लागि र धेरै सोधिएका प्रश्नहरुको जवाफ पढ्नलाई यहाँ जानु होस्:
http://webgui.phila.k12.pa.us/uploads/ZF/2S/ZF2SPZ7dfD4mv1adSc_3mg/Nutrition-Program-FAQs.pdf

**दर्शकको प्रतिकृयाहरु:**

१. आज विद्यार्थी र वयस्कहरु सब्बै जनाले अंग्रेजी भाषा शिक्षार्थीहरु सँग सम्बन्धको महत्वको बारे कुरा गर्नु भयो। बिद्यालय सुधार समितीका अयुक्ताहरु र श्री काइन (Mr. Kihn) ले बिद्यालयहरुमा परिवर्तन गर्दा र रेनेसान्स बिद्यालयहरु बनाउँदा र शिक्षकहरुको सरुवा गर्दा र यि सम्बन्धहरु टोद्दा यि कुराहरु याद राख्नु हुन्छ भनेर आशा गर्छु।

२. मलाई भियतनामको परिवारहरुको बारे धेरै चिन्ता लागिरहेको छ किन भने भियतनामी विद्यार्थीहरुले भियतनामी बहुभाषी सल्लाहकार सहायक (बि सि ए) हरु बाट चाहिने जती समर्थन प्राप्त गरेको छैन। भियतनामी बि सि ए हरु बिद्यालयमा हप्ताको एक दिन मात्रै हुन्छन्। बिद्यालयमा अझै धेरै दिनको लागि चाहिन्छ। फिलाडेल्फिया बिद्यालय जिल्ला भरी जम्मा ५ वटा भियतनामी बि सि ए हरु छन्।

* "बि सि ए"हरुको सम्बन्दमा माथिको प्रश्न ३को जवाफ हेर्नु होला।